नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः ३ आश्विन २०८३
प्रतिवेदन नं : २२

## व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| **मुख्य सहयोगी संस्था** | **आज कुनै स्वास्थ्य सामग्री प्राप्त भएको छैन।** |
| **वितरण गरिएको सामग्री** | स्वास्थ्य सेवा विभागबाट विभिन्न स्वास्थ्य संस्था तथा निकायमा **कुल २,४६,४१२ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| **मुख्य प्रापकर्ता** | **नेपाल प्रहरी अस्पताल, महाराजगञ्जः १,२७,४१६ इकाइ**; Central Police Forensic Science Laboratory: **१,१५,५७७ इकाइ**; WOREC: **३,४१८ इकाइ**; सुनकोशी गाउँपालिकाः **१ थान Oxygen Concentrator** |
| **मुख्य वितरण सामग्री** | **Chlorine Tablet** २,१६,०००, Metronidazole ४,९५०, Pantoprazole ३,६००, Paracetamol २,२००, Syringe ३ml ३,०००, Metformin ५००mg २,००० लगायत |
| **NCD औषधि** | Amlodipine, Atorvastatin, Glimepiride, Metformin, Methylcobalamin लगायतका NCD औषधि वितरण |
| **हालको मौज्दात** | २०८३/०६/०२ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा **२९७ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री**, जम्मा **९५,९४,८९३ इकाइ** मौज्दात रहेको |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल १ वटा केस रिपोर्ट भएका छन्ः
    - १ वटा Fever
    - ० वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - ० वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको


- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।


## मनोसामाजिक परामर्श


- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।

- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


## १. मनोसामाजिक परामर्श







## २. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालन:



## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु**

**२ आश्विन १:०० देखि ३ आश्विन १२:५९ सम्म**

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 18 Sep | Total |
|---|---|---|---|
| Bhimsensthan Secondary School | 36 | 1 | 1 |
| Indrayani Basic School, Vidur-1 | 0 | N/A | 0 |
| Kriya Putri Bhawan | 0 | N/A | 0 |
| Ayurveda Alternative Hospital | 0 | N/A | 0 |

आश्रयस्थलहरू क्रमशः बन्द हुँदै गएकाले त्यहाँबाट उपचार आवश्यक भएका केसहरूलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सालयतर्फ रिफर/पठाउने कार्य भइरहेको छ।